# नेपाल किराँत राई महिला संस्था

**भूमिका**

नेपाल किराँत राई महिला संस्था एक सेवामुखी, मुनाफा रहित गैर सरकारी संस्था हो । समाजमा राई महिलाहरूको सामाजिक, सँस्कृतिक, धार्मीक, आर्थिक र राजनीतिक मुद्धाहरू माथी सचेतना अभिवृद्धि गराउने प्रमुख उद्देश्यका साथ वि.स. २०५६ मा यस संस्थाको स्थापना भएको हो । ने.कि.रा.म.स. स्थापना सालमा नै जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषद्मा पनि आवद्ध भई सकेको छ । यस संस्था राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २२ वटा आदिवासी जनजाति महिलाहरूको छाता संगठनको पनि एक सदस्य मात्र नरही उक्त महासंघको संस्थापक सदस्य पनि हो ।

**संस्थाको संरचना**

नेपाल किराँत राई महिला संस्थाको केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३/३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट सदस्यिय केन्द्रिय कार्यकारिणी समितिको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीतिनियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरूको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

**संगठनिक ढाँचा**




राई जाति नेपाल सरकारद्वारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरू मध्ये एक प्रमुख आदिवासी जनजति हो र यसलाई सुविधाबाट बन्चित समूहमा सूचिकृत गरिएको छ । राई समूदायको बढि जनघनत्व नेपालको पूर्विय क्षेत्र मुख्यत खोटाङ, भोजपुर, संखुवासभा, सुनसरी, धनकुट्टा, इलाम र झापा जिल्लामा छ । नेपालको केन्द्रिय तथ्याङ्क विभागको जनगणना (२०५८) अनुसार राईहरूको जनसंख्या जम्मा ६,३५,१५१ रहेको छ । जसले कुल जनसंख्याको २.७९Ï ओगट्छ भने आदिवासी जनजातिको ७.५Ï ओगट्दछ ।

सताब्दीयौं देखि राई महिलाहरू अन्य आदिवासी जनजाति महिलाहरू जस्तै अवसरहरूबाट बञ्चित रहनुका साथै सिमान्तकृत अवस्थामा रहेकाछन् । आफ्नै समाजमा पनि हिन्दु संस्कृतिको प्रभावको कारणले उनीहरू अझै लैंगिक र जातीय विभेदको सामना गरी रहेकाछन् । राज्यको एकतन्त्रिय प्रणालीले गर्दा सम्पूर्ण जात र लिंगहरूलाई समान अवसर प्रदान नगरी रहेको अवस्थामा राई महिलाहरू अझ पछाडिन पुगेंका छन् ।

राई महिलाहरू माथि भएका यि सबै असमानता माथि आवाज उठाउने जिम्मेवारी अब ने.कि.रा.म.स को नै हो भन्ने यस संस्थाले महशुस गरेको छ । तसर्थ, संस्थाले प्रमुख लक्ष्य हासिल गर्न निम्न सोच, ध्यये र उदेश्यहरू राखेको छ ।

**दिर्घकालिन सोचः**

राई महिलाहरूलाई राष्ट्र विकाश प्रकृयामा समाहित गराउँदै जातीय, भाषिक, धार्मिक र लैंगिक आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

**ध्येय :**

समाजमा रहेका राईमहिलाहरूलाई ग्रामीण तह देखि जिल्ला हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर सम्म ल्याउन सशक्तीकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातीय विभेदहरूलाई हटाउन योगदान पुऱ्याउनु ।

**उद्देश्यहरू :**
१. राई महिलाहरूलाई महिला हकहित र मानव अधिकार बारे सचेत गराउने ।
२. राई महिलाहरूलाई तालिम, कार्यशाला गोष्ठी, अन्तरकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरूद्वारा सशक्तीकरण गराउने ।
३. राई महिलाहरूलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।
४. आदिवासी जनजाति तथा महिलाहरूको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने ।
५. राई महिलाहरूको हक र अधिकार स्थापित गर्नको लागि विभिन्न क्रियाकलाप गर्ने  गर्ने ।
६. राई महिलाहरूको लागि दिगो जीविकोपार्जनका परम्परागत ज्ञान र सीपको विकास गरि आर्थिकरुपमा सक्षम पार्ने ।

**कार्यक्रम/कृयाकलापः**

१. राई महिलाहरूका भाषा तथा सँस्कृति जर्गेना गर्नेमा प्रोत्साहन दिने खालका कार्यक्रमहरू संचालन गर्ने ।

२) राई महिलाहरूलाई आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तीकरण गर्ने खालका कार्यक्रमहरू गर्ने ।
३. संगठनको विस्तार र विकासका लागि विभिन्न जिल्लाहरूमा गठन भएका जिल्ला समितिहरूको संस्थागत विकास गर्ने र

बाँकी रहेका जिल्लाहरूमा समिति, नगर विकास समिति र गाउँ विकास इकाई समितिहरू गठन र विस्तार गर्ने ।

४. राई  महिलाहरूको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र  सीपको विकासका साथै स्थानीय स्रोत साधानमा पहुचको लागि कार्यक्रमहरू संचालन गर्ने ।

५.राई महिलाहरूको हक र अधिकार स्थापित गर्ने खालका कार्यक्रमहरू गर्ने ।

६. राई महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण गर्दै जाने ।

७. नेपाल किराँत राई महिला संस्थासँग साझा सवालहरू भएका अन्य संघ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्दै जाने ।

**कार्यक्रमको मुख्य उपलव्धिहरू**
१. राई महिलाहरू  आर्थिक, सामाजिक र राजनैतिकरुपमा सशक्तीकरण भएका हुनेछन् ।

२. नेपाल किराँत राई महिला संस्थाको विभिन्न जिल्ला, गाउँ, र इकाई समितिहरूमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३. राई महिलाहरूले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४. राई महिलाहरूको भाषा तथा संस्कृति जर्गेना भएको हुनेछ ।
५. राई महिलाहरूको हक रअधिकार स्थापित भएको हुनेछ ।
६. राई महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ  ।

**ठेगाना :**
नेपाल किराँत राई महिला संस्था
पोष्ट बक्स नं. ९५३१, काठमाडौं, नेपाल
फोन नं. ४७७१५२४,

**Email :** Somarun_99@yahoo.com